# सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बुङचुङ, धादिङ
बागमती प्रदेश, नेपाल

पत्र संख्या:
चलानी नं.

**विषयः बाली नालीमा देखा पर्ने रोग-किरा व्यवस्थापनका लागि प्राविधिक सरसल्लाह र जैविक विषादी प्रयोग सम्बन्धी सूचना**

सूचना प्रकाशन मिति : २०८१/१२/०१ गते

उपरोक्त सम्बन्धमा सिद्धलेक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि विकास शाखाको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक रासायनिक विषादी न्यूनीकरण सम्बन्धी कार्यक्रम अन्तर्गत गाउँपालिकाभित्र रासायनिक विषादीको असन्तुलित प्रयोगले मानव स्वास्थ्य, माटोको उर्वराशक्ति, जैविक विविधता र वातावरणमा पर्ने नकारात्मक असरबारे जागरूकता वृद्धि गर्दै जैविक विषादीको प्रयोगलाई प्रवर्द्धन गर्ने लक्ष्य रहेको व्यहोरा जानकारी गराइन्छ । रासायनिक विषादीको आत्याधिक प्रयोगले माटोको जीवाणु सक्रियता कम गर्दै यसको उर्वराशक्ति घटाउने, परागसेचनमा सहयोगी मित्र कीट (जस्तै मौरी) तथा अन्य लाभदायक जीव नष्ट गर्ने, खाद्य शृङ्खलामा विषादीको अवशेष रही मानव स्वास्थ्यमा गम्भीर प्रभाव पार्न सक्ने, साथै भूमिगत पानी तथा वातावरण प्रदुषित गर्ने जस्ता दीर्घकालीन असर पार्ने विभिन्न अध्ययनहरूले देखाएको छ ।

त्यसैले, रासायनिक विषादीको खपत न्यूनीकरण गर्दै जैविक विषादी तथा जैविक रोग-किरा व्यवस्थापन प्रविधिहरू अपनाउन आवश्यक छ । जैविक विषादी (जस्तैः निम तेल, ट्राइकोडर्मा, ब्युवेरिया वेसियाना, मेटाराइजियम, बोटानिकल एक्स्ट्र्याक्ट, EM) को उचित प्रयोग गरी खेतबारीमा देखा पर्ने रोग तथा कीट नियन्त्रण गर्न सकिन्छ । बालीनालीमा देखिने रोग-किरा तथा तिनको जैविक व्यवस्थापनका लागि आवश्यक प्राविधिक सल्लाह तथा जैविक विषादी उपलब्धताको सम्बन्धमा सिद्धलेक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि विकास शाखामा सम्पर्क गर्न सकिने व्यहोरा जानकारी गराइन्छ ।

**सम्पर्कको लागिः** ९८६४३००१०१; ९८६६०२२६३३; ९८६८८३६८८१; ९८६९२४३७५३

.............................
सुदिप रेग्मी
कृषि विकास अधिकृत (सातौं)
सुदिप रेग्मी
कृषि अधिकृत (सातौं)

**Website:** www.siddhalekmun.gov.np, **Email:** info@siddhalekmun.gov.np & sidhalekhruralmun@gmail.com

Scanned with CamScanner